# मिति २०७५।४।०६ मा बसेको प्रदेश मन्त्रिपरिषदको बठकको निर्णय

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नं ०१/१९/२०७५-०४-०४ को प्रदेश नीति तथा योजना आयोगमा पदाधिकारी मनोनयन गर्ने विषयको प्रस्ताव - "प्रस्तुत प्रस्तावमा देहाय बमोजिम गर्नेः

क) प्रदेश सरकारबाट नियुक्त हुने प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष र सदस्यलाई निम्नानुसारको पारिश्रमिक सुविधा उपलव्ध हुनेछ ।

| क्र.स | सुविधाको किसिम | इकाई | उपाध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १ | पारिश्रमिक | मासिक रु | ४९,०००।- | ४५,००० ।- |
| २ | आवास | मासिक रु | आवास दिने | १५,००० ।- |
| ३ | निजी आवासमा बस्नेलाई घर मर्मत खर्च | एकमुष्ट | १,२५,००० ।- | - |
| ४ | फर्निचर (सरकारले व्यवस्था नगरेमा) | एकमुष्ट | १,००,००० ।- | - |
| ५ | सवारी इन्धन | प्रति महिना लि. | १२५ | - |
| ६ | मोविल | त्रैमासिक लि | ५ | - |
| ७ | यातायात सुविधा | प्रतिमहिना | सवारी साधन | १०,०००।- |
| ८ | सञ्चार सुविधा | प्रति महिना रु. | २,००० ।- | १,५००।- |
| ९ | अतिथि सत्कार | प्रति महिना रु. | १०,००० ।- | - |
| १० | विद्युत, धारा | प्रति महिना रु. | २,००० ।- | - |

नोटः उपाध्यक्षलाई आवासको व्यवस्था नहुदासम्म मासिक रु २५,०००।– उपलव्ध गराइनेछ ।-

ख) प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसंचालन) आदेश, २०७४ (संशोधन सहित) को दफा ३ उपदफ २ को खण्ड ख बमोजिम उपाध्यक्ष पदमा डा.श्री गिरिधारी शर्मा पौडेल, आधिखोला गा.पा.-४, कमेरे, स्याङ्जालाई नियुक्त गर्ने ।-"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नं ०१/२०/२०७५-०४-०६ को पोखरा लेखनाथ महानगरपालिकाको नाम हेरफेर सम्बन्धी नगरसभाको निर्णय नेपाल सरकारमा सिफारिस गर्ने विषयको प्रस्ताव सम्बन्धमा - "प्रस्तावमा लेखिए बमोजिम गर्ने"।-